विधेयक संख्याः २६

सामाजिक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०७५

संघिय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

उद्देश्य र कारण

नेपालको संविधान बमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सुरक्षाको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले यो विधेयक पेश गरेको छु ।

लालबाबु पण्डित
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री

आर्थिक टिप्पणी

नेपालको संविधानको धारा ४३ मा उल्लेख भए बमोजिमको सामाजिक सुरक्षाको हक सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने सम्पूर्ण दायित्व नेपाल सरकारको हुने भएकोले नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिन्छ ।

लालबाबु पण्डित
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपालको संविधान बमोजिम सामाजिक सुरक्षाको हक कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बनेको विधेयकमा "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ भन्ने व्यवस्था छ । विधेयको दफा १२ को उपदफा (१) मा सामाजिक सुरक्षा पाउने नेपाली नागरिकले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ भन्ने र सोही दफाको उपदफा (३) मा उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय तहले सात दिनभित्र आवश्यक कारबाही गरी निर्णय गर्नु पर्नेछ भन्ने व्यवस्था छ । विधेयकको दफा १६, दफा १७, दफा १८ र दफा १९ मा यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई सम्बन्धित स्थानीय तहले तोकिएको ढाँचामा परिचयपत्र दिनु पर्ने, दफा १६ बमोजिमको परिचय पत्रको आधारमा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने र अभिलेख राख्नुपर्ने र सामाजिक सुरक्षा पाउने व्यक्तिको नाम हटाउने भन्ने व्यवस्था छ । विधेयकको दफा २० मा नेपाल सरकारबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता दोहोरो पर्ने गरी प्रदेश तथा स्थानीय सरकारबाट तत् तत् शिर्षकमा थप सामाजिक सुरक्षा भत्ता वितरण गरिने छैन भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी, विधेयकको दफा २२ र २३ मा यस ऐन अन्तर्गतको कसूरमा जुनसुकै व्यक्तिले सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा उजूर गर्न सक्नेछ र मुद्दाको कारबाही र किनारा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले गर्नेछ भन्ने व्यवस्था गरिएको छ । विधेयकको दफा २८ मा यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ भन्ने व्यवस्था भएकोले प्रस्तावित विधेयकका निम्न दफाहरुमा नियम र निर्देशिका बन्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

क्र.स.	दफा	नियम बनाउन सकिने व्यवस्था	नियम बनाउनु पर्ने कारण	बनाईने नियमको प्रकृति, सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव
१	२८	दफा २८ मा यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ भन्ने व्यवस्था भएको ।	ऐनको प्रभावकारी कार्यान्वयन गर्न विभिन्न विषयमा नियम बनाउनु पर्ने भएकोले ।	ऐनको उद्देश्यको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने नियम बनाईने ।

संघीय संसद सचिवालय

२	२९	दफा २९ मा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सामाजिक सुरक्षा वितरण गर्ने सम्बन्धमा नेपाल सरकारको सङ्घीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ भन्ने व्यवस्था रहेको ।	ऐनमा भएका व्यवस्थाहरुलाई सरल एंव विस्तृत ढंगले व्यवस्था गर्न आवश्यकतानुसार निर्देशिका तथा कार्यविधि बनाउनु पर्ने भएकोले ।	ऐन तथा यस अन्तर्गत बनेको नियमको उद्देश्यको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका तथा कार्यविधि बनाईने ।

लालबाबु पण्डित
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री

संघीय संसद सचिवालय

व्याख्यात्मक टिप्पणी

विधेयकको नाम : सामाजिक सुरक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

परिच्छेद १ मा संक्षिप्त नाम र परिभाषा तथा परिभाषाको व्यवस्था गरिएको छ ।

दफा १ : यो ऐनलाई सामाजिक सुरक्षा ऐनको नाम दिईएको छ । यो प्रमाणिकरण भएको मिति देखि नै लागु हुने व्यवस्था छ ।

दफा २ : यो ऐनमा परिभाषित गरिएका शब्दहरु ११ वटा रहेका छन् । परिभाषामा "क" देखि "ट" सम्म व्यवस्थित गरिएका शब्दहरु यस प्रकार छन्: अशक्त र असहाय अवस्थामा रहेका, अपाङ्गता भएका, असहाय एकल महिला, आर्थिक रुपले विपन्न, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, तोकिएको" वा "तोकिए बमोजिम, लोपोन्मुख जाति, सामाजिक सुरक्षा पाउने व्यक्ति, सामाजिक सुरक्षा, स्थानीय र जेष्ठ नागरिक भत्ता ।

परिच्छेद २ मा सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था गरिएको छ ।

दफा ३ : यस ऐन बमोजिम ८ प्रकारका व्यक्तिहरुले सामाजिक सुरक्षा पाउने व्यवस्था गरिएको छ । जस अन्तर्गत "क" देखि "ज" सम्म व्यवस्थित गरिएका व्यक्तिहरु यस प्रकार छन्: जेष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, लोपोन्मुख जाति ।

दफा ४ : यस दफामा जेष्ठ नागिरकले नेपाल सरकारले तोके बमोजिमको सामाजिक सुरक्षा भत्ताको रुपमा जेष्ठ नागरिक भत्ता पाउने व्यवस्था गरिएको छ ।

दफा ५ : यस दफामा आर्थिक रूपले विपन्न नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको रकम विपन्न नागरिक भत्ता पाउने विषय उल्लेख गरिएको छ ।

संघीय संसद सचिवालय

दफा ६ : यस दफामा अशक्त र असहाय अवस्थामा रहेको नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको रकम अशक्त र असहाय भत्ता पाउने व्यवस्था उल्लेख छ ।

दफा ७ : यस दफामा साठी वर्ष उमेर पुगेका असहाय एकल महिलाले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको असहाय एकल महिला भत्ता पाउनेछ । जस अन्तर्गत, "क" देखि "ग" सम्म सामाजिक सुरक्षा भत्ता पाउने असहाय एकल महिलाको विषय व्यवस्थित गरिएका विषयहरु यस प्रकार छन्: सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका, विधवा र एकल महिला, न्यायिक पृथकीकरण गरी बसेका । त्यस्तै, जीवनयापन गर्ने आयस्रोत नभएको, नेपाल सरकारले तोकेको भन्दा न्यून आय भएको र श्रम गर्न नसक्ने साठी वर्ष उमेर नपुगेको विधवा वा एकल महिलाले समेत यस्तो सुविधा पाउने व्यवस्था गरिएको छ ।

दफा ८: यस दफामा पूर्ण असक्त अपाङ्गता भएको नागरिकले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको अपाङ्गता भत्ता पाउने विषय उल्लेख गरिएको छ ।

दफा ९: अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको बालपोषण भत्ता पाउने व्यवस्था यस दफामा उल्लेख गरिएको छ ।

दफा १०: यस दफामा लोपोन्मुख जातिका नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था गरिएको छ ।

दफा ११: आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था यस दफामा उल्लेख गरिएको छ ।

दफा १२: यस दफामा सामाजिक सुरक्षा पाउने नेपाली नागरिकले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्ने तथा यसरी निवेदन लिँदा निजले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता लिने वा नलिने स्वेच्छिक घोषणा गर्न लगाउनु पर्ने व्यवस्था उल्लेख गरिएको छ । आफैंले निवेदन दिन नसक्ने व्यक्तिको तर्फबाट निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन सक्ने, निवेदन दिँदा जन्मदर्ता गरेको अभिलेखको प्रमाण समेत पेश गर्नुपर्ने, निवेदन प्राप्त भएमा स्थानीय तहले सात दिनभित्र

संघीय संसद सचिवालय

आवश्यक कारबाही गरी निर्णय गर्नु पर्ने, कारबाही गर्दा सामाजिक सुरक्षा भत्ता पाउने नदेखिएमा कारण खुलाई सोको जानकारी निवेदकलाई दिनुपर्ने र सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकलाई अभिलेखमा जनाई सम्मान गर्नुपर्ने विषयहरुको व्यवस्था गरिएको छ ।

दफा १३: नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमका लागि तोकिए बमोजिम एकीकृत प्रणाली अवलम्बन गरी भत्ता उपलब्ध गराउन सक्ने व्यवस्था यस दफामा उल्लेख गरिएको छ।

दफा १४: कुनै नागरिकले यस ऐन बमोजिम एकभन्दा बढी प्रकारको सामाजिक सुरक्षा पाउने रहेछ भने निजले रोजेको कुनै एक मात्र सामाजिक सुरक्षा पाउने, कुनै नागरिकले यस ऐन र प्रचलित कानून बमोजिम यस्तै सुविधा पाउने रहेछ भने निजले रोजे बमोजिम कुनै एक सुविधा मात्र लिन पाउने, अन्य प्रचलित कानून बमोजिम भत्ता पाएको बालबालिकाले दफा ९ बमोजिमको भत्ता समेत प्राप्त गर्न सक्ने प्रावधान यस दफामा गरिएको छ ।

दफा १५: यस दफामा यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउन योग्य नभएको व्यक्तिहरु उल्लेख गरिएको छ जस अन्तर्गत कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाईरहेका व्यक्ति, अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक वा सुविधा पाईरहेको व्यक्ति ।

दफा १६ : सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई सम्बन्धित स्थानीय तहले तोकिएको ढाँचामा परिचयपत्र दिनु पर्ने, अपाङ्गता सम्बन्धी परिचयपत्र प्रत्येक दुई वर्षमा स्थानीय तहले पुनरावलोकन गरी अभिलेख अद्यावधिक गर्नु पर्ने तथा परिचयपत्र नलिएको नागरिकले सामाजिक सुरक्षा भत्ता नपाउने प्रावधान यस दफामा गरिएको छ ।

दफा १७ : यस दफामा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वितरण परिचय पत्रको आधारमा गर्ने, साथै नेपाल सरकारबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकहरुले स्वच्छाले घोषणा गरेमा उक्त नागरिकलाई सम्मान गर्ने व्यवस्था गरिएको छ ।

दफा १८: यस दफामा स्थानीय तहले यस ऐन बमोजिम वितरण गरेको सामाजिक सुरक्षाको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्ने, सामाजिक सुरक्षा वितरण गरेको विवरण तोकिएको ढाँचा र समयावधिभित्र तोकिएको निकायमा पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

संघीय संसद् सचिवालय

दफा १९: स्थानीय तहले सामाजिक सुरक्षा पाउने व्यक्तिको नाम आफ्नो अभिलेखबाट हटाउने विषय यस दफामा गरिएको छ जस अन्तर्गत सामाजिक सुरक्षा पाउने व्यक्ति बसाइँ सरी अन्यत्र गएमा, असहाय एकल महिलाले विवाह गरेमा, यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउन योग्य नभएमा, मृत्यु भएमा, र तोकिए बमोजिमका अन्य अवस्थामा गरी ५ वटा सामाजिक सुरक्षा पाउने व्यक्तिको नाम हटाउने अवस्थाको विषय उल्लेख गरिएको छ ।

दफा २०: यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ताको दायित्व नेपाल सरकारको हुने तथा नेपाल सरकारबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता दोहोरो पर्ने गरी प्रदेश तथा स्थानीय सरकारबाट तत् तत् शिर्षकमा थप सामाजिक सुरक्षा भत्ता वितरण गरिने छैन भन्ने व्यवस्था यस दफामा गरिएको छ ।

परिच्छेद ३ मा कसुर सजाय सम्बन्धी व्यवस्था गरिएको छ ।

दफा २१: यस दफामा कसुर सजाय सम्बन्धि ४ किसिमका अवस्थाको व्यवस्था गरिएको छ । जसमा विवरण ढाँटी सामाजिक सुरक्षा लिएमा, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत सामाजिक सुरक्षा लिएमा, कुनै व्यक्तिले प्राप्त गरेको सामाजिक सुरक्षा निजको संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्ति वा अन्य व्यक्तिले दुरुपयोग गरेमा वा निजको हित विपरीत प्रयोग गरेमा, सामाजिक सुरक्षा वितरण गर्ने अधिकारीले सामाजिक सुरक्षाको दुरुपयोग गरेमा, गलत विवरण पेश गरेमा वा गलत सिफारिस गरेमा । त्यसैगरी यस दफामा कसूर गर्ने व्यक्तिले लिएको रकम असुल गरी निजलाई विगो बराबर जरिवाना हुने साथै गलत सिफारिस गरेमा सम्बन्धित अधिकारीलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ व्यवस्था समेत गरिएको छ ।

दफा २२: यस ऐन अन्तर्गतको कसूरमा जुनसुकै व्यक्तिले सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा उजूर गर्न सक्नेछ व्यवस्था यस दफा गरिएको छ ।

दफा २३: यस दफामा (१) यस ऐन अन्तर्गतको दफा २१ को उपदफा (१) को खण्ड (घ) बाहेकको अन्य मुद्दाको कारबाही र किनारा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले गर्ने, उक्त न्यायिक समितिले मुद्दा दर्ता भएको मितिले एकसय बीस दिनभित्र कारबाही र किनारा गर्नु

संघीय संसद सचिवालय

पर्ने र कसूर सम्बन्धी उजूर परेमा त्यस्तो उजूरी आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

दफा २४ : न्यायिक समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ भन्ने व्यवस्था यस दफामा गरिएको छ ।

दफा २५ : यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर हुने रहेछ भने त्यस्तो कसूरमा प्रचलित कानून बमोजिम मुद्दा चलाई कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था यस दफामा उल्लेख गरिएको छ ।

परिच्छेद ४ मा विविध सम्बन्धी व्यवस्था गरिएको छ ।

दफा २६ : यस दफामा सामाजिक सुरक्षा पाउने व्यक्तिको अभिलेख व्यवस्थापन भत्ता वितरण र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

दफा २७ : यस दफामा सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण स्थानीय तहले प्रत्येक चौमासिक रुपमा सम्बन्धित प्रदेश र संघीय सरकारलाई दिनुपर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

दफा २८ : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ । तर यस ऐन अन्तर्गत नियमावली नबनुन्जेल सम्म नेपाल सरकारले साविकमा दिई आएको सामाजिक सुरक्षा भत्ताहरु दिन वाधा पर्ने छैन भन्ने प्रावधान यस दफामा गरिएको छ ।

दफा २९ : यस दफामा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सामाजिक सुरक्षा वितरण गर्ने सम्बन्धमा नेपाल सरकारको सङ्घीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ भन्ने व्यवस्था गरिएको छ ।

दफा ३० : यस दफामा अनुसूचीमा हेरफेर तथा थपघट गर्ने अधिकार नेपाल सरकार (मन्त्रिपरिषद्) लाई हुने व्यवस्था उल्लेख गरिएको छ ।

संघीय संसद सचिवालय

दफा ३१ : यस दफामा यस ऐनमा लेखिएको कुराको हकमा यसै ऐन बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

संघीय संसद सचिवालय

सामाजिक सुरक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : नेपालको संविधान बमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सामाजिक सुरक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अशक्त र असहाय अवस्थामा रहेका" भन्नाले आर्थिक रूपले विपन्न शारीरिक वा मानसिक रूपले श्रम गर्न अशक्त भएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "अपाङ्गता भएका" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य सामान्य व्यक्तिसरह समान आधारमा सामाजिक जीवनमा सहभागी हुन बाधा भएका दफा ८ बमोजिमका व्यक्ति सम्झनु पर्छ ।

(ग) "असहाय एकल महिला" भन्नाले जीवनयापन गर्ने कुनै आधार, आयश्रोत वा सम्पत्ति नभएको नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका अशक्त र असहाय अवस्थामा रहेका दफा ७ बमोजिमका महिला सम्झनु पर्छ ।

(घ) "आर्थिक रुपले विपन्न" भन्नाले जीवनयापन गर्ने कुनै आधार, आयश्रोत वा सम्पत्ति नभएको नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्युन आय भएका व्यक्ति सम्झनु पर्छ ।

(ङ) "आफ्नो हेरचाह आफैं गर्न नसक्ने" भन्नाले अल्जमाइर, पार्किन्सस, स्पाइनल कर्ड इन्जुरी, ब्रेन ह्यामरेज, सुस्त मनस्थिति, पक्षघात, मानसिक अवस्था ठिक

संघीय संसद सचिवालय

नभएको, अटिजम जस्ता रोगबाट ग्रसित भै आफ्नो हेरचाह आफै गर्न नसक्ने अवस्थामा रहेका भनी चिकित्सकबाट प्रमाणित भएका व्यक्ति सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(छ) "लोपोन्मुख जाति" भन्नाले अनुसूची बमोजिमका जाति सम्झनु पर्छ ।

(ज) "सामाजिक सुरक्षा पाउने व्यक्ति" भन्नाले यस ऐन बमोजिम सामाजिक सुरक्षा पाउने नेपाली नागरिक सम्झनु पर्छ ।

(झ) "सामाजिक सुरक्षा" भन्नाले यस ऐन बमोजिम सामाजिक सुरक्षा पाउने नागरिकलाई दिइने नगद, भत्ता वा सहायता सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ट) "जेष्ठ नागरिक भत्ता" भन्नाले नेपाल सरकारले जेष्ठ नागिरकलाइ प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता सम्झनु पर्छ ।

परिच्छेद-२
सामाजिक सुरक्षा

३. सामाजिक सुरक्षा भत्ता पाउने : (१) देहाय बमोजिमका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार हुनेछ :-

(क) जेष्ठ नागरिक

(ख) आर्थिक रूपले विपन्न,

(ग) अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति,

(घ) असहाय एकल महिला,

(ङ) अपाङ्गता भएका,

(च) बालबालिका,

(छ) आफ्नो हेरचाह आफैं गर्न नसक्ने,

संघीय संसद सचिवालय

(ज) लोपोन्मुख जाति ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने भत्ताहरु सामाजिक सुरक्षा भत्ताका नाममा वितरण गरिनेछ ।

४. जेष्ठ नागरिक भत्ता : जेष्ठ नागिरकले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोके बमोजिमको जेष्ठ नागरिक भत्ता पाउनेछ ।

५. विपन्न नागरिक भत्ता : आर्थिक रूपले विपन्न नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको रकम विपन्न नागरिक भत्ता पाउनेछ ।

६. अशक्त र असहाय भत्ता : अशक्त र असहाय अवस्थामा रहेको नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको रकम अशक्त र असहाय भत्ता पाउनेछ ।

७. असहाय एकल महिला भत्ता : (१) देहाय बमोजिमका साठी वर्ष उमेर पुगेका असहाय एकल महिलाले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको असहाय एकल महिला भत्ता पाउनेछ :-

(क) सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका,

(ख) विधवा र एकल महिला,

(ग) न्यायिक पृथकीकरण गरी बसेका ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जीवनयापन गर्ने आयस्रोत नभएको, नेपाल सरकारले तोकेको भन्दा न्यून आय भएको र श्रम गर्न नसक्ने साठी बर्ष उमेर नपुगेको विधवा वा एकल महिलाले समेत यस्तो सुविधा पाउने छन् ।

८. अपाङ्गता भत्ता : पूर्ण असक्त अपाङ्गता भएको नागरिकले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको अपाङ्गता भत्ता पाउनेछन् ।

९. बाल पोषण भत्ता : (१) अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको बालपोषण भत्ता पाउनेछन् ।

संघीय संसद सचिवालय

(२) उपदफा (१) बमोजिमको बालबालिकालाई बालपोषण भत्ता दिने प्रकृया तोकिए बमोजिम हुनेछ ।

१०. लोपोन्मुख जाति भत्ता : (१) यस ऐनको अनुसूचिमा उल्लिखित लोपोन्मुख जातिका नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनेछन् ।

(२) उपदफा (१) बमोजिम लोपोन्मुख जातिलाई भत्ता दिने प्रकृया तोकिए बमोजिम हुनेछ ।

११. आफ्नो हेरचाह आफैं गर्न नसक्नेलाई स्याहार भत्ता : (१) आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउनेछन्।

(२) उपदफा (१) बमोजिम आफ्नो हेरचाह आफै गर्न नसक्ने नागरिकका लागि भत्ता दिने प्रकृया तोकिए बमोजिम हुनेछ ।

१२. निवेदन दिनु पर्ने :(१) दफा ३ बमोजिम सामाजिक सुरक्षा पाउने नेपाली नागरिकले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता पाउनको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ । यसरी निवेदन लिँदा निजले यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता लिने वा नलिने स्वेच्छिक घोषणा गर्न लगाउनु पर्नेछ ।

तर आफैंले निवेदन दिन नसक्ने व्यक्तिको तर्फबाट निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

(२) दफा ९ बमोजिम बालबालिकाले पाउने सामाजिक सुरक्षाको भत्ताको लागि उपदफा (१) बमोजिम निवेदन दिँदा जन्मदर्ता गरेको अभिलेखको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय तहले सात दिनभित्र आवश्यक कारबाही गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्दा सामाजिक सुरक्षा भत्ता पाउने नदेखिएमा कारण खुलाई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको निवेदनको ढाँचा तथा संलग्न गर्नुपर्ने कागजात तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको निवेदनमा यस ऐन बमोजिमको सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकलाई अभिलेखमा जनाई दफा १७ (३) बमोजिम सम्मान गर्नु पर्नेछ ।

संघीय संसद सचिवालय

१३. एकीकृत प्रणाली अवलम्बन गर्न सक्ने : नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमका लागि तोकिए बमोजिम एकीकृत प्रणाली अवलम्बन गरी भत्ता उपलब्ध गराउन सक्नेछ ।

१४. दोहोरो सामाजिक सुरक्षा नपाउने : (१) कुनै नागरिकले यस ऐनको दफा ३ बमोजिम एकभन्दा बढी प्रकारको सामाजिक सुरक्षा पाउने रहेछ भने निजले रोजेको कुनै एक मात्र सामाजिक सुरक्षा पाउनेछ ।

(२) कुनै नागरिकले यस ऐन र प्रचलित कानून बमोजिम यस्तै सुविधा पाउने रहेछ भने निजले रोजे बमोजिम कुनै एक सुविधा मात्र लिन पाउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानून बमोजिम भत्ता पाएको बालबालिकाले दफा ९ बमोजिमको भत्ता समेत प्राप्त गर्न सक्नेछ ।

१५. सामाजिक सुरक्षा भत्ता नपाउने : देहाय बमोजिमको व्यक्तिले यस ऐन बमोजिमके सामाजिक सुरक्षा भत्ता पाउने छैन :

(क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित मनोनित भएको व्यक्ति,

(ख) सरकारी कोषबाट निवृत्तिभरण पाईरहेका व्यक्ति,

(ग) अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक वा सुविधा पाईरहेको व्यक्ति ।

१६. परिचयपत्र : (१) यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई सम्बन्धित स्थानीय तहले तोकिएको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

(२) अपाङ्गता सम्बन्धी परिचयपत्र प्रत्येक दुई वर्षमा स्थानीय तहले पुनरावलोकन गरी अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने परिचयपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको परिचयपत्र नलिएको नागरिकले सामाजिक सुरक्षा भत्ता पाउने छैन ।

१७. सामाजिक सुरक्षा भत्ता वितरण : (१) दफा १६ बमोजिमको परिचय पत्रको आधारमा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वितरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा वितरण गर्ने प्रकृया तथा माध्यम् तोकिए बमोजिम हुनेछ ।

संघीय संसद सचिवालय

(३) नेपाल सरकारबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकहरुले स्वच्छाले घोषणा गरेमा उक्त नागरिकलाई स्थानीय तहले सम्मान गर्नेछ ।

१८. अभिलेख राख्नु पर्ने: (१) स्थानीय तहले यस ऐन बमोजिम वितरण गरेको सामाजिक सुरक्षाको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) स्थानीय तहले सामाजिक सुरक्षा वितरण गरेको विवरण तोकिएको ढाँचा र समयावधिभित्र तोकिएको निकायमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. सामाजिक सुरक्षा पाउने व्यक्तिको नाम हटाउने : (१) स्थानीय तहले देहायको अवस्थामा सामाजिक सुरक्षा पाउने व्यक्तिको नाम आफ्नो अभिलेखबाट हटाउनेछ :-

(क) सामाजिक सुरक्षा पाउने व्यक्ति बसाईं सरी अन्यत्र गएमा,

(ख) असहाय एकल महिलाले विवाह गरेमा,

(ग) यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउन योग्य नभएमा,

(घ) मृत्यु भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्थामा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम सामाजिक सुरक्षा पाउने व्यक्ति बसाईं सरी अन्यत्र जाने भएमा सम्बन्धित स्थानीय तहले परिचयपत्रमा सोही व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

२०. नेपाल सरकारले बजेट व्यवस्था गर्ने : (१) यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ताको दायित्व नेपाल सरकारको हुनेछ ।

(२) नेपाल सरकारबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता दोहोरो पर्ने गरी प्रदेश तथा स्थानीय सरकारबाट तत् तत् शिर्षकमा थप सामाजिक सुरक्षा भत्ता वितरण गरिने छैन ।

परिच्छेद-३
कसूर र सजाय

२१. कसूर र सजाय : (१) कसैले देहायको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

संघीय संसद सचिवालय

(क) विवरण ढाँटी सामाजिक सुरक्षा लिएमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत सामाजिक सुरक्षा लिएमा,

(ग) कुनै व्यक्तिले प्राप्त गरेको सामाजिक सुरक्षा निजको संरक्षक, माथवर वा स्याहार गर्ने व्यक्ति वा अन्य व्यक्तिले दुरुपयोग गरेमा वा निजको हित विपरीत प्रयोग गरेमा,

(घ) सामाजिक सुरक्षा वितरण गर्ने अधिकारीले सामाजिक सुरक्षाको दुरुपयोग गरेमा,

(ङ) गलत विवरण पेश गरेमा वा गलत सिफारिस गरेमा ।

(२) कसैले उपदफा (१) को खण्ड (क), (ख) , (ग) र (ङ) बमोजिमको कसूर गरेमा त्यस्तो कसूर गर्ने व्यक्तिले लिएको रकम असुल गरी निजलाई विगो बराबर जरिबाना हुनेछ ।

(३) कसैले उपदफा (१) को खण्ड (घ) बमोजिमको कसूर गरेमा वा खण्ड (ङ) बमोजिम गलत सिफारिस गरेमा सम्बन्धित अधिकारीलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

२२. उजूर गर्न सक्ने : यस ऐन अन्तर्गतको कसूरमा जुनसुकै व्यक्तिले सम्बन्धित स्थानीय तहको न्यायिक समितिमा उजूर गर्न सक्नेछ ।

२३. मुद्दा हेर्ने : (१) यस ऐन अन्तर्गतको दफा २१ को उपदफा (१) को खण्ड (घ) बाहेकको अन्य मुद्दाको कारबाही र किनारा सम्बन्धित स्थानीय तहको न्यायिक समितिले गर्नेछ ।

(२) न्यायिक समितिले उपदफा (१) बमोजिमको मुद्दा दर्ता भएको मितिले एकसय बीस दिनभित्र कारबाही र किनारा गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २१ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसूर सम्बन्धी उजूर परेमा त्यस्तो उजूरी आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

२४. पुनरावेदन : दफा २१ बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

संघीय संसद सचिवालय

२५. प्रचलित कानून बमोजिम सजाय हुने : यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर हुने रहेछ भने त्यस्तो कसूरमा प्रचलित कानून बमोजिम मुद्दा चलाई कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

परिच्छेद-४
विविध

२६. अनुगमन सम्बन्धी व्यवस्था : सामाजिक सुरक्षा पाउने व्यक्तिको अभिलेख व्यवस्थापन, भत्ता वितरण र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. प्रतिवेदन दिनु पर्ने : सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण प्रत्येक स्थानीय तहले चौमासिक रुपमा सम्बन्धित प्रदेश र संघीय सरकारलाई दिनुपर्नेछ ।

२८. नियम बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

तर यस ऐन अन्तर्गत नियमावली नबनुन्जेल सम्म नेपाल सरकारले साविकमा दिई आएको सामाजिक सुरक्षा भत्ताहरु दिन बाधा पर्ने छैन ।

२९. निर्देशिका तथा कार्यविधि बनाउने : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सामाजिक सुरक्षा वितरण गर्ने सम्बन्धमा नेपाल सरकारको सङ्घीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

३०. अनुसूची हेरफेर गर्ने अधिकार : अनुसूचीमा हेरफेर तथा थपघट गर्ने अधिकार नेपाल सरकार (मन्त्रिपरिषद्) लाई हुनेछ ।

३१. यसै ऐन बमोजिम हुने : यस ऐनमा लेखिएको कुराको हकमा यसै ऐन बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

संघीय संसद सचिवालय

अनुसूची

(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

<u>लोपोन्मुख जाति</u>

१. कुसुन्डा
२. राउटे
३. हायु
४. किसान
५. मेचे
६. वनकरिया
७. सुरेल
८. राजी
९. लोप्चा
१०. कुसवाडिया (पत्थरकट्टा, सिलकट, कुशबधिया र कुचबधिया)

संघीय संसद सचिवालय